## अनुसूची २
(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)


चौरजहारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ | संख्या : १२ | मिति : २०७७/०५/०५

भाग-२
चौरजहारी नगरपालिका


**प्रमाणित मिति :- २०७७/०५/०५**

## लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७

**प्रस्तावना :** नगरपालिकाको विकास र समृद्धिको यात्रामा प्रशस्त सम्भावनाहरु भए तापनि गहिरो गरी जरा गाडेको केही मूलभूत अवरोध, विकृति, विसङ्गति र व्यवहारहरुका कारण नगरपालिकाले लिएको सदिच्छा र जनचाहना सजिलै पूरा गर्न सक्ने देखिदैन । समाजमा रहेका कैयौं विकृति, विसङ्गति र कुसंस्कारहरुलाई नियन्त्रण नगरी नगरवासी जनमानसले अपेक्षा गरेको विकास र समृद्धि हासिल हुन नसक्ने भएकोले स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाजको निर्माणको अभियानमा लाग्नु अपरिहार्य भएको छ ।

समाज र नागरिकको स्वास्थ्य, सदाचारिता र शान्ति तथा अमन चैनमा व्यक्तिको व्यवहार, नागरिक कर्तव्य र अगुवाहरुको भूमिका विशेष रहन्छ । स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माणको लागि व्यक्तिको शारीरिक, मानसिक र मनोवैज्ञानिक पक्षहरुमा नकरात्मक असर पुऱ्याउने तत्वहरुको

पहिचान जरुरी छ । यस क्रममा लागू पदार्थ दूर्व्यसन र मदिरा सेवन व्यक्तिको मनोसामाजिक व्यवहारलाई विकृत र अपराधतर्फ उन्मूख गराउने एक प्रमुख कारकको रुपमा रहेको छ ।

जिल्ला समन्वय समिति, रुकुम (पश्चिम) को अग्रसरतामा जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा जिल्लाभित्रका प्रतिष्ठित एवम् अधिकार प्राप्त अधिकारीहरु, स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरु, माननीय प्रदेश सभा सदस्यहरु लगायतको उपस्थितिमा मिति २०७५ माघ ५ गते बसेको बैठकले समाजको वृहत्तर हितलाई मध्यनजर गर्दै मदिराजन्य पदार्थको उत्पादन, विक्रि वितरण लगायतको कार्यलाई व्यवस्थित गर्ने र प्रचलित कानून र मापदण्ड विपरित भए गरेको पाईएमा बन्द गराउने एवम् रुकुम (पश्चिम) जिल्लाभित्र अनिश्चितकालको लागि मदिराजन्य पदार्थको गैरकानूनी उत्पादन, आयात, विक्रि वितरण र सेवनमा प्रतिवन्ध लगाउने निर्णय गरेको थियो। उक्त निर्णयको विरुद्धमा केही मदिरा व्यवसायिहरुले उच्च अदालत सुर्खेतमा उक्त निर्णय बदर गरी पाउँ भनि रिट निवेदन दिएकोमा उच्च अदालत सुर्खेतको मिति २०७६।०३।१९ गतेको फैसलामा वैधानिक रुपमा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न अनुमति लिएका व्यक्तिहरुको हक अधिकारसमेतलाई ध्यान दिँदै व्यवस्थित तवरबाट मदिराजन्य पदार्थको आयात, निर्यात तथा विक्रि वितरणसमेत गर्ने व्यवस्था शिघ्र मिलाउनु भनि विपक्षीहरुका नाममा परमादेशको आदेश जारी हुने ठहरेको उल्लेख भएको छ ।

उच्च अदालत सुर्खेतको परमादेश विरुद्ध सम्मानित सर्वोच्च अदालतमा दायर रिट निवेदनको सम्बन्धमा जारी अन्तरिम आदेशमा जिल्ला समन्वय समितिको निर्णयमा समाजको वृहत्तर हितलाई ध्यानमा राखि वैधानिक रुपमा अनुमति लिई मदिराजन्य पदार्थ उत्पादन, विक्रि वितरण गरी रहेको कार्यलाई व्यवस्थित गर्ने र प्रचलित कानून र मापदण्ड विपरित भए गरेको पाइएमा त्यस्तो कार्य बन्द गराउने भन्ने उल्लेख भएको देखिएकोले इजाजतपत्रानुसार मदिराजन्य पदार्थको पेशा व्यवसाय गर्न रोक नलगाउनु नरोक्नु भन्ने उच्च अदालत सुर्खेतको आदेश निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनि विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी भएको देखिन्छ । उच्च अदालत सुर्खेत र उच्च अदालत सुर्खेतका विरुद्धको सर्वोच्च अदालतबाट जारी अन्तरिम आदेशको मूल आशय मदिराजन्य पदार्थको उत्पादन, विक्रि वितरण र सेवन लगायतको कार्यलाई समाजको वृहत्तर हित हुने गरी शिघ्र व्यवस्थापन गर्ने नै रहेको छ ।

व्यापारिक प्रयोजनको लागि अखाद्य वस्तु मिसाएर घरेलु जाँड, रक्सी, छ्याङ्, तोङ्वा, निगारजस्ता मदिराजन्य पदार्थ छ्यापछ्याप्ति विक्रि वितरण र सेवन भइरहेको भन्दै कानून, न्याय तथा सामाजिक कल्याण मञ्चका तर्फबाट दायर रिटमा पैसला गर्दै सम्मानित सर्वोच्च अदालतले घरेलु

मदिराजन्य पदार्थको विकृति रोक्न सरकारका निकायलाई निर्देशनात्मक आदेश जारी गरेको छ । जसमा; मदिरा ऐन, अन्तशुल्क ऐन र उपभोक्ता हित संरक्षण ऐनमा भएका नियमन र नियन्त्रणकारी व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रहरी प्रधान कार्यालय, आन्तरिक राजश्व विभाग लगायतका निकायलाई निर्देशनात्मक आदेश भएको छ ।

तसर्थ, विद्यमान कानूनी व्यवस्था, सम्मानित उच्च अदालत तथा सर्वोच्च अदालतबाट लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको उत्पादन, विक्रि वितरण र सेवन सम्बन्धमा भएका फैसलाहरु, स्वस्थ्य, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण अभियान, २०७५ एवम् सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्नको लागि लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको उत्पादन, बिक्री वितरण र निकासी पैठारी समेतमा नियन्त्रण गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को ञ. को (१) मा उल्लेखित स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन सम्बन्धी स्थानीय तहको एकल अधिकार एवं ऐ ऐनको ऐ दफाको उपदफा (४) को ख. को (१३) मा सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि सम्बन्धी स्थानीय तहको अधिकारको कार्यान्वयन गर्न ऐ ऐनको दफा १०२ को उपदफा (२) बमोजिम चौरजहारी नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम **"लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७"** रहेको छ ।

(२) यो निर्देशिका नगरपालिकाभर लागू हुनेछ ।

(३) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

**(क) "मदिरा"** भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ ।

(ख) **"घरेलु मदिरा"** भन्नाले घरेलु सामग्री, कच्चा पदार्थहरु प्रयोग गरी नेपाल सरकारले तोकेको मापदण्ड पूरा नगरी तयार पारिएको मदिरालाई जनाउँदछ ।

**(ग) "लागू औषध"** भन्नाले–

(१) गाँजा,

(२) औषधोपयोगी गाँजा,

(३) अफीम,

(४) तैयारीको अफीम,

(५) औषधोपयोगी अफीम,

(६) कोकाको झार र पात, र

(६क) अफिम तथा कोकाको सारतत्व, मिश्रण वा लवण समेत मिसाई तयार गरिने कुनै पदार्थ ।

(७) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोदीपक पदार्थ (साइकोट्रपिक्स सब्स्टान्स) र तिनको लवणहरु तथा अन्य पदार्थ समेत सम्झनु पर्छ ।

**(घ) "सूर्तिजन्य पदार्थ"** भन्नाले धूम्रपान वा सूर्ति सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, बिंडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सूर्ति, खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य सूर्तिजन्य पदार्थ सम्झनु पर्छ ।

**(ङ) "धूम्रपान"** भन्नाले चुरोट, बिंडी, सिगार, तमाखु, सुल्फा, कक्कड, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ सेवन गर्ने काम सम्झनु पर्छ ।

**(च) "सूर्ति सेवन"** भन्नाले खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नस लिने वा सेवन गर्ने काम सम्झनु पर्छ ।

**(छ) "उत्पादन"** भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

(ज) **"अनुमतिपत्र"** भन्नाले प्रचलित कानून बमोजिम मदिरा उत्पादन, बिक्री वितरण निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(झ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस प्रचलित मदिरा ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**(ञ) "नगरपालिका"** भन्नाले चौरजहारी नगरपालिकालाई सम्झनु पर्छ ।

**(ट) "प्रचलित कानून"** भन्नाले मदिरा सम्बन्धी प्रचलित मदिरा ऐन र मदिरा नियमहरुलाई सम्झनु पर्छ ।

**(ठ) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले चौरजहारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ड) **"सार्वजनिक स्थल"** भन्नाले दफा ३ मा तोकिए बमोजिमको स्थललाई जनाउँदछ ।

(ढ) **"व्यवस्थापक"** भन्नाले सार्वजनिक स्थलको काम कारबाहीको सम्बन्धमा अन्तिम निर्णय गर्न अधिकारप्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक सवारीको हकमा त्यस्तो सवारीको चालक समेतलाई जनाउँछ ।

**३. सार्वजनिक स्थल मानिने :** (१) देहायको स्थललाई सार्वजनिक स्थल मानिनेछ :–

(क) राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय,

(ख) शिक्षण संस्था, पुस्तकालय, तालीम तथा स्वास्थ्य सम्बन्धी संस्था,

(ग) विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन,

(घ) बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब,

(ङ) सार्वजनिक शौचालय,

(च) उद्योग तथा कल कारखानाका कार्यस्थल,

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि **"कार्यस्थल"** भन्नाले उद्योग तथा कल कारखानाले काम गर्न छुट्याएको कार्यालय वा स्थल सम्झनु पर्छ ।

(छ) चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला,



चौरजहारी नगरपालिका

(ज) होटल, मोटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथि गृह,

(झ) रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस,

(ञ) डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट,

(ट) धर्मशाला तथा धार्मिक स्थल,

(ठ) सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर ।

(२) उपदफा (१) मा उल्लिखित स्थलको अतिरिक्त कुनै ठाउँको महत्व र सम्वेदनशीलतालाई विचार गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थल समेत सार्वजनिक स्थल मानिनेछ ।

४. **समिति गठन सम्बन्धी व्यवस्था** : (१) लागू औषध निषेध, धुम्रपान, सूर्तिजन्य पदार्थ तथा मदिरा नियन्त्रण सम्बन्धी क्रियाकलाप कार्यान्वयन गर्न देहायको नगरस्तरिय **सामाजिक रुपान्तरण** तथा **सुधार** मूल **समिति** गठन गरिनेछ;

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) इलाका प्रहरी कार्यालय प्रमुख -सदस्य

(ङ) नगरपालिकास्तरिय उद्योग वाणिज्य संघका प्रमुख -सदस्य

(च) मदिरा नियन्त्रण सम्बन्धी कार्यमा सक्रिय शिक्षक, बुद्धिजिवी, समाजसेवी वा नागरिक समाजका प्रमुख वा प्रतिनिधिमध्येबाट नगर प्रमुखले तोकेका तीन जना -सदस्य

(छ) नगर प्रहरी प्रमुख -सदस्य

(ज) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी -सदस्य सचिव

(२) अन्य कुराका अतिरिक्त मूल समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

चौरजहारी नगरपालिका

(क) मदिरा तथा सूर्तिजन्य पदार्थको अव्यवस्थित कारोवारलाई व्यवस्थित गरी नगरपालिकामा हुने विकृति तथा विसङ्गतिजन्य क्रियाकलाप रोक्न आवश्यक कार्य गर्ने तथा गराउने ।

(ख) वडास्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिहरुलाई आवश्यक सहयोग तथा निर्देशन दिने ।

(ग) मदिरा तथा सूर्तिजन्य पदार्थको उत्पादन, विक्रि वितरण सेवन सम्बन्धी कार्यलाई व्यवस्थापन तथा नियमन गर्न यस निर्देशिकालाई कडाईका साथ लागू गर्ने तथा गराउने ।

(घ) यो निर्देशिका विपरित सूर्ति तथा मदिराजन्य पदार्थको कारोवार तथा गतिविधि गर्नेलाई जरिवाना गर्ने तथा गराउने ।

(ङ) सूर्ति तथा मदिराजन्य पदार्थको कारोवारलाई व्यवस्थापन तथा नियमन गर्न आवश्यक अध्ययन, अनुसन्धान र अनुगमन गर्ने तथा गराउने ।

(च) वडास्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिको काम कारवाहीको अनुगमन गर्ने तथा गराउने ।

(छ) नगरपालिकालाई लागू औषधको निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको कारोवारको प्रभावकारी व्यवस्थापनको लागि प्रत्येक नगर सभा हुनुपूर्व नीति, बजेट तथा कार्यक्रमका बारेमा लिखित सुझाव पेश गर्ने ।

(ज) लागू औषध निषेध तथा मदिरा एवं सूर्तिजन्य पदार्थको उत्पादन, विक्रि वितरण तथा सेवन नियमन तथा हानिकारक सेवन नियन्त्रण सम्बन्धी नगरपालिकास्तरिय कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने तथा गराउने ।

(झ) नगरपालिकाबाट संचालन गरिने सम्पूर्ण तालिम तथा पाठ्यक्रममा लागू औषध निषेध, सूर्ति तथा मदिराजन्य पदार्थ उत्पादन, विक्रि वितरण र सेवनमा नियमन तथा हानिकारक सेवनमा नियन्त्रणको विषय अनिवार्य रुपमा समावेश गर्ने तथा गराउने ।

(ञ) लागू औषध, मदिरा तथा सूर्तिजन्य पदार्थको दूर्व्यसनबाट हुन सक्ने सबै किसिमका नोक्सानका बारेमा अभिमुखिकरण/अन्तरिक्रिया कार्यक्रम संचालन गर्ने तथा गराउने ।

(ट) नगरपालिकाको नेतृत्वमा यस क्षेत्रमा काम गर्ने गैर सरकारी संघसंस्था, आमा समूह, स्वयंसेवी महिला, युवा तथा बाल क्लब लगायतका संघ संस्थाहरु र सरकारी निकायहरुको

साझेदारी, सहयोग र समन्वयमा लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थ उत्पादन, विक्रि वितरण तथा सेवनमा नियन्त्रण सम्बन्धी र्‍याली, सभा, गोष्ठी र छलफल जस्ता कार्यक्रमहरु गरी सचेतना अभियान संचालन गर्ने ।

(ठ) स्वस्थ, सभ्य र अपराधमुक्त समाज निर्माणमा बाधा पुर्‍याउने मदिरा सेवन एवं लागू औषध दूर्व्यसनको नियन्त्रण र अन्य सामाजिक कुरीति/विकृति अन्त्य गर्न लागू औषध तथा मदिरा सेवन नियन्त्रण सम्बन्धी नगरपालिकाको योजना, कार्यक्रम तथा व्यवस्था गरी कार्यान्वयन गर्ने तथा गराउने ।

(ड) युवाहरुलाई विभिन्न खालका कुलत, अराजकताबाट बचाउने, परिश्रमी बनाउने र श्रृजनशील बनाउने ।

(ढ) लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको उत्पादन, विक्रि वितरण तथा सेवनमा नियन्त्रण तथा व्यवस्थापन गर्न आवश्यक अन्य कार्यहरु गर्ने तथा गराउने ।

(३) लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको उत्पादन, विक्रि वितरण र सेवनलाई व्यवस्थित गर्न प्रत्येक वडामा देहाय बमोजिम **वडास्तरिय सामाजिक रुपान्तरण तथा सुधार समिति गठन** हुनेछ :-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) सम्बन्धित वडाका वडा सदस्यहरु -सदस्य

(ग) सम्बन्धित वडामा कार्यक्षेत्र भएको प्रहरी कार्यालयको प्रमुख वा प्रमुखले तोकेको प्रहरी कर्मचारी -सदस्य

(घ) सम्बन्धित वडाका सामुदायिक विद्यालय, नागरिक सङ्गठन, संघ, संस्था, टोल, आमा समूहमध्येबाट वडा अध्यक्षले तोकेको ३ जना -सदस्य

(ङ) वडा सचिव -सदस्य सचिव

(४) वडास्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिको काम, कर्तव्य र अधिकार अन्य कुराका अतिरिक्त देहाय बमोजिम हुनेछ :-

(क) मदिरा व्यवसाय संचालन अनुमतिको लागि सिफारिस दिँदा निर्देशिकामा उल्लेख भएका प्रक्रिया पूरा गर्ने व्यवसायिलाई मात्र अनुमतिको लागि सिफारिस गर्ने ।

कैजनी नगरपालिका

(ख) वडामा यस निर्देशिका अनुसार लागू औषध निषेध भएको छ छैन ? सूर्ति तथा मदिराजन्य पदार्थको उत्पादन, विक्रि वितरण तथा सेवन भएको छ छैन ? सोको अनुगमन गरी त्यसको जानकारी मूल समितिलाई दिने ।

(ग) यस निर्देशिकामा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तथा गराउने ।

(घ) यस निर्देशिकाको पालना नगर्नेलाई निर्देशिका बमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेरी गरेमा सोको जानकारी मूल समितिलाई दिने ।

(ङ) समय समयमा मूल समितिले दिएको निर्देशन आदेशको पालना गर्ने तथा गराउने ।

(च) यस निर्देशिका बमोजिम आफूले गर्नुपर्ने अन्य कार्य गर्ने ।

(छ) निर्देशिका कार्यान्वयनका लागि आवश्यक सुझावहरु भए समितिको निर्णय गराई मूल समितिमा लिखित प्रतिवेदन पेश गर्ने ।

**५. लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थ व्यवस्थापन कोष सम्बन्धी व्यवस्था :** (१) यस निर्देशिका विपरित कार्य गर्ने व्यक्तिबाट यस निर्देशिका बमोजिम उठेको जरिवाना रकममध्ये २० प्रतिशत रकम यस कोषमा जम्मा हुनेछ । नगरपालिकाको आर्थिक ऐन अनुसार मदिरा तथा सूर्तिजन्य पदार्थको कारोवार गर्ने व्यवसायीहरुबाट अनुमति, दर्ता तथा नवीकरण गर्दा लाग्ने दस्तुर बाहेक लिईने एकमुष्ट वार्षिक रकम **विपन्न उपचार सहयोग कोषमा** जम्मा गरी देहाय अनुसार खर्च गरिनेछ :-

(क) गम्भिर रोग लागेका तर आर्थिक अवस्था अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तिहरुलाई आर्थिक सहयोग गर्ने ।

(ख) घरेलु हिंसामा परेका महिलाहरुलाई आवश्यक जिविकोपार्जनका लागि आवश्यक सहयोग गर्ने ।

(ग) बेवारिसे व्यक्ति मरी लास सदगद गर्नु परेमा ।

(घ) लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थ सेवन विरुद्ध सचेतनामूलक कार्यक्रमहरु संचालन गर्न ।

(ङ) लागू पदार्थ एवम् मदिरा सेवन गर्ने व्यक्तिहरुको पुनर्स्थापनाको लागि स्थापना भएको केन्द्र व्यवस्थापन कार्यमा ।

चौघेरी नगरपालिका

(च) मूल समितिले तोकेका अन्य कार्यहरु गर्न ।

(२) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कुनै कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(४) कोषमा दफा ५ को उपदफा (१) मा उल्लेखित रकमका अतिरिक्त संघ तथा प्रदेश सरकार एवम् अन्य सहयोगी निकायहरुबाट लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको सेवन नियन्त्रणको लागि प्राप्त रकम यस कोषमा जम्मा गरिनेछ ।

**६. रकम उपलब्ध गराउने** : नगरस्तरिय तथा वडास्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिहरुलाई आफ्नो काम, कर्तव्य र अधिकार कार्यान्वयनको लागि वार्षिक रुपमा देहाय बमोजिम रकम उपलब्ध गराईनेछ :-

(क) नगरस्तरिय समितिलाई स्वीकृत वार्षिक कार्यक्रम अनुसार कम्तिमा रु दुई लाख ।

(ख) वडास्तरिय समितिहरुलाई स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रतिवडा कम्तिमा रु एक लाखका दरले ।

**७. स्वयंसेवक नगर प्रहरी खटाउन सकिने** : (१) लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको उत्पादन, विक्रि वितरण तथा सेवन एवम् अन्य विकृति र विसङ्गतिजन्य कार्यहरुको नियन्त्रणको लागि एवम् तोकिएको कार्यशर्तगत विवरण (TOR) अनुसार कामकाज गर्ने गरी वडास्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिको सिफारिसमा नगरस्तरिय सामाजिक रुपान्तरण तथा सुधार मूल समितिले वडास्तरिय समितिका सदस्यहरुमध्येबाट वा उक्त समितिले तोकेका नगर प्रहरी हुन योग्यता पुगेका व्यक्तिहरुमध्येबाट आवश्यकता अनुसार निश्चित पारिश्रमिक प्राप्त गर्ने गरी स्वयंसेवक नगर प्रहरी गठन गरी खटाउन सक्नेछ ।

(२) यसरी स्वयंसेवक नगर प्रहरी खटाउँदा प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्रि रोजगार कार्यक्रम र नगर प्रमुख रोजगार कार्यक्रमसँग तादाम्यता मिलाएर खटाउँन सकिनेछ ।

**८. लागू औषध निषेध र नियन्त्रण गर्ने** : (१) लागू औषध निषेध तथा नियन्त्रण सम्बन्धी प्रचलित कानूनहरुको पूर्ण रुपमा कार्यान्वयन गरी लागू औषधको खेती, उत्पादन, निर्माण, खरीद–बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारी समेतमा पूर्ण प्रतिवन्ध लगाइनेछ ।

(२) नगरपालिका क्षेत्रभित्र कोही कसैले लागू औषधको खेती, उत्पादन, निर्माण, खरीद– बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारी लगायतको कार्यमा प्रचलित लागू औषध नियन्त्रण सम्बन्धी कानून बमोजिम दण्ड तथा सजाय गर्न स्थानीय प्रशासनलाई पूर्ण रुपमा सहयोग गर्नु पर्नेछ ।

**९. सूर्तिजन्य पदार्थ नियमन तथा नियन्त्रण गर्ने :** (१) सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्ति सेवन गर्न नहुने:-

(क) कसैले पनि सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्ति सेवन गर्न पाउने छैन् ।

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापकले कारागार, विमानस्थल वा पर्यटकीयस्तरको होटलको कुनै खास ठाउँमा अन्य व्यक्तिलाई प्रतिकूल असर नपर्ने गरी धूम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(ग) खण्ड (ख) बमोजिम धूम्रपान तथा सूर्ति सेवनको लागि छुट्याइएको ठाउँमा कायम गर्नु पर्ने प्रचलित नेपाल कानूनमा तोकिए बमोजिमका आधारभूत कुराहरु पूरा गर्नु पर्नेछ ।

(२) व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकता अनुसार विभिन्न ठाउँमा धूम्रपान तथा सूर्ति सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्ने र पढ्न सक्ने गरी टाँस गर्नु पर्नेछ ।

(३) कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न पाइने छैन् ।

(४) उत्पादकले सूर्तिजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा देहायको विवरण उल्लेख गर्नु पर्नेछ :–

(क) प्रचलित कानून बमोजिम दर्ता गराइएको लेबुल तथा ट्रेडमार्क चिन्ह,

(ख) उत्पादकको नाम, ठेगाना र सूर्तिजन्य पदार्थमा रहेको निकोटिनको मात्रा,

(ग) तोकिएका अन्य हानिकारक तत्व एवं आवश्यक कुराहरु ।

(५) उत्पादकले सूर्तिजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा नाबालकलाई आकर्षण गर्ने कुनै किसिमको लोगो, चिन्ह, शब्द र चित्र राख्न पाउने छैन ।

(६) कसैले पनि अन्य उद्योग तथा उत्पादनको ब्राण्ड तथा ट्रेड नाम राखी सूर्तिजन्य पदार्थ उत्पादन गर्न पाउने छैन ।

(७) कुनै उद्योगले चुरोट, बिँडी वा सिगारको आकारमा कुनै पनि वस्तु उत्पादन गर्न पाउने छैन ।

(८) उत्पादकले सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्नु अघि त्यस्तो पदार्थमा भएको निकोटिनको मात्रा, हानिकारक तत्व लगायत अन्य आवश्यक कुराहरुको विवरण कानून बमोजिमको अन्य निकायका अतिरिक्त नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(९) सूर्तिजन्य पदार्थको उत्पादन तथा निकासी पैठारी गर्ने व्यक्तिले प्रत्येक वर्ष आफूले गरेको उत्पादन तथा निकासी पैठारीको विवरण अन्य तोकिए बमोजिमको निकायका अतिरिक्त नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(१०) उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कुल भागमध्ये कम्तीमा पचहत्तर प्रतिशत भागमा **"सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ"** भन्ने जस्ता व्यहोराको मन्त्रालयले तोके बमोजिम चेतावनीमूलक सन्देश र सूर्तिजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गिन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नु पर्नेछ ।

(११) आयातकर्ताले उपदफा (१) बमोजिमको मापदण्ड पूरा नभएको सूर्तिजन्य पदार्थ आयात गर्न पाउने छैन ।

(१२) उत्पादक लगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम., इन्टरनेट, ई–मेल जस्ता विद्युतीय सञ्चार माध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन ।

(१३) कसैले पनि एक्काइस वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन ।

(१४) खण्ड (१३) बमोजिमको प्रयोजनको लागि सूर्तिजन्य पदार्थको बिक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र बिक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ ।

गौरादह नगरपालिका

(१५) कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा दुई सय मिटरभित्रको घर, पसलबाट सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाउने छैन ।

(१६) कसैले पनि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न पाउने छैन ।

(१७) कसैले पनि निःशुल्क रुपमा सूर्तिजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन ।

(१८) सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न नगरपालिकाबाट अनिवार्य रुपमा इजाजतपत्र लिनु पर्नेछ ।

(१९) कसैले पनि सूर्तिजन्य पदार्थप्रति आकर्षण हुने गरी बिक्रीस्थल सजावट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न पाउने छैन ।

(२०) कसैले यस निर्देशिका विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस निर्देशिका बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीले निरीक्षक गर्न सक्नेछ ।

(२१) खण्ड (२०) बमोजिम निरीक्षण गर्दा कसैले धूम्रपान वा सूर्ति सेवन गरेको देखिएमा व्यवस्थापकले धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउनु पर्नेछ ।

(२२) कुनै व्यवस्थापकले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा सो स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारीले र सार्वजनिक सवारीका हकमा त्यस्तो सवारीका यात्रीले व्यवस्थापकलाई धूम्रपान वा सूर्ति सेवन गर्नबाट तुरुन्त रोक लगाउनु पर्नेछ ।

(२३) खण्ड (२२) बमोजिम व्यवस्थापकले धूम्रपान वा सूर्ति सेवन गरेमा सो थाहा पाउने वा देख्ने व्यक्तिले निरीक्षक समक्ष उजुरी गर्न सक्नेछ ।

(२४) कसैले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा व्यवस्थापकले देहाय बमोजिम सजाय गर्नु पर्नेछ :–

(क) धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा पाँच सय रुपैयाँसम्म जरिबाना वा दुवै सजाय गर्नु पर्ने,

(ख) धूम्रपान वा सूर्ति सेवन गर्ने व्यक्ति सार्वजनिक स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारी भएमा धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउने र पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम सचेत गराउने वा अन्य विभागीय कारबाही गर्नु पर्ने ।

(ग) व्यवस्थापकले यस निर्देशिका विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजलाई कानून बमोजिम अधिकारप्राप्त अधिकारीले सचेत वा विभागीय कारबाही गर्नु पर्नेछ ।

(घ) व्यवस्थापकले खण्ड (२४) बमोजिम जरिबाना वापत लिएको रकम राजश्व खातामा जम्मा गर्नु पर्नेछ ।

(ङ) खण्ड (२) बमोजिम सूचना टाँस नगरेमा पाँच हजार रुपैयाँसम्म जरिबाना,

(ख) खण्ड ४, ५, ६, ७, ८, ९ र १० बमोजिमको कुनै काम नगरेमा त्यस्तो सूर्तिजन्य पदार्थ जफत गरी पचास हजार रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड १२ विपरीत कुनै काम गरेमा एक लाख रुपैयाँसम्म जरिबाना,

(घ) खण्ड १३ विपरीत कुनै काम गरेमा दश हजार रुपैयाँसम्म जरिबाना,

(ङ) माथि उल्लेखित लेखिएदेखि बाहेक यस निर्देशिका विपरित कार्य गरेमा पाँच हजार रुपैयाँसम्म जरिवाना ।

(२५) नगरपालिकाले यस निर्देशिका बमोजिम जफत गरेको सूर्तिजन्य पदार्थ नष्ट गर्नु पर्नेछ ।

(२६) नगरपालिकाले खण्ड (२५) बमोजिम सूर्तिजन्य पदार्थ नष्ट गर्दा मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी नष्ट गर्नु पर्नेछ ।

**१०. मदिराको उत्पादनमा नियन्त्रण** : कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि यस निर्देशिका र अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक नगरपालिकाभित्र मदिराको उत्पादन गर्न पाउने छैन् ।

**११. मदिराको बिक्री वितरणमा नियन्त्रण** : कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त र यस निर्देशिका बमोजिम बाहेक नगरपालिकाभित्र मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन् ।

तर अन्य जुनसुकै निकायबाट अनुमति लिएको भएतापनि नगरपालिकाले अनुमतिपत्र लिएर पनि विक्रि वितरण गर्न नपाउने गरी नगरपालिकाभरी वा नगरपालिकाभित्रका केही स्थानहरुमा मदिरा निषेध गर्न सक्नेछ ।

**१२. मदिराको उत्पादन, सेवन तथा बिक्री वितरणमा बन्देज** : (१) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्नु हुँदैन ।

(२) कसैले पनि एक्काइस वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाईदैन ।

(३) एक्काइस वर्षको उमेर पूरा नगरेको व्यक्तिले मदिराको बिक्री वितरण गर्नु हुँदैन ।

(४) सरकारी तथा सार्वजनिक कार्यालय र स्थलको ५०० मिटर वरीपरीको क्षेत्रमा मदिराजन्य पदार्थ उत्पादन, विक्रि वितरण र सेवन गर्न पाईदैन ।

**१३. मदिराको निकासी पैठारीमा नियन्त्रण :** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त र यस निर्देशिका बमोजिम बाहेक नगरपालिकाभित्र मदिराको निकासी वा पैठारी गर्न पाउने छैन् ।

**१४. शर्तहरु पालना गर्नुपर्ने** : नगरपालिकाभित्र अनुमतिपत्र लिई मदिराको विक्रि वितरण गरिरहेका व्यक्तिहरुले देहायका शर्तहरु पालना गर्नुपर्नेछ :-

क. इजाजतपत्र प्रत्येक आर्थिक वर्षको असार महिनाभित्र नवीकरण गराईसकेको हुनुपर्नेछ ।

ख. इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

ग. डिपार्टमेण्टल स्टोर तथा अन्य मदिरा विक्रिवितरण गर्न इजाजत प्राप्त व्यक्तिले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै विक्री कक्षको व्यवस्था गर्नु पर्नेछ ।

घ. प्रत्येक वोतलमा विर्को र बोतलमा पर्ने गरी अन्त:शुल्क टिकट टाँसी निकासी गर्नु पर्नेछ ।

ङ. मदिराको विक्रि वितरण गर्दा नगरपालिकाबाट जुन उद्देश्यको लागि अनुमति लिएको हो सो बमोजिम बेलुका ५:०० बजेदेखि बेलुका ७:०० बजेसम्ममात्र मदिरको कारोवार गर्नु पर्नेछ ।

तर सार्वजनिक विदाको दिन अपरान्ह ४:०० बजेदेखि बेलुका ७:०० बजेसम्म मदिराको कारोवार गर्न पाइनेछ ।

कोशी नगरपालिका

च. एक्काइस वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाईने छैन् ।

छ. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको विजक राख्नु पर्नेछ ।

ज. इजाजतपत्रवालाले प्रत्येक वोतलमा अन्तःशुल्क टिकट टाँसेको मदिरा मात्र बिक्री गर्नु पर्नेछ । अन्तःशुल्क टिकट नरहेको सामान खरीद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरीवाना हुनेछ ।

झ. अन्तःशुल्क ऐन तथा मदिरा ऐन र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लेखित प्रावधानहरूको पालना गर्नु पर्नेछ ।

ञ. नगरपालिकाभित्र मदिराजन्य पदार्थ आयात गर्दा नगरपालिकाले तोकेको स्थानमा कानून बमोजिमको स्वास्थ्य सेवा शुल्क वापतको रकम दाखिला गर्नु पर्नेछ ।

ट. नगरपालिकाभित्र जडयाह कार्ड प्राप्त व्यक्तिले साँझ ५:०० बजेदेखि ७:०० बजेसम्म दुई घण्टामात्र नगरपालिकाले तोकेको स्थान र परिमाणमा मदिरा सेवन गर्न पाउनेछ । जडयाह कार्ड वितरण सम्बन्धी व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

ठ. नगरपालिकाले मदिरा राख्न पाउने गरी वर्गीकरण गरेका होटेलहरुमा मात्र मदिरा राख्न तथा विक्रि गर्न पाईनेछ ।

ड. नगरपालिकाले सार्वजनिक सूचना आह्वान गरी मदिरा सेवन गर्ने एवम् विक्रि वितरण गर्ने स्थान तोक्नेछ र सोही स्थानबाटमात्र मदिराको विक्रि वितरण र सेवन गर्नु तथा गराउनु पर्नेछ ।

ढ. मदिरा विक्रि वितरण गर्ने व्यक्तिले मदिरा किन्ने व्यक्तिहरुको तीन पुस्ते विवरण बनाई दैनिक रुपमा सार्वजनिक गर्नुपर्नेछ । नगरपालिकाबाट खटाईएको टोलीले उक्त विवरण हेर्न खोजेमा अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।

ण. इजाजतपत्र प्राप्त व्यक्ति बाहेक अन्य व्यक्तिहरुले मदिरा उत्पादन, विक्रि वितरण गरेको पाईएमा वा मापदण्ड विपरितका पसल, होटेल, नास्ता पसलहरुमा मदिरा विक्रि वितरण गरेको पाईएमा वा लाइसेन्स लिएर मदिराजन्य पदार्थ उत्पादन, विक्रि वितरण गर्ने व्यक्तिहरुले मदिरा किन्ने व्यक्तिहरुको तीनपुस्ते विवरण नराखेमा वा शर्तहरुको पालना नगरेमा तोकिए बमोजिम जरिवाना हुनेछ ।

त. मदिराजन्य पदार्थ उत्पादन, विक्रिवितरण र सेवन गर्ने तथा गराउने व्यक्तिले मदिराजन्य पदार्थ विक्रिवितरण गर्दा मदिराजन्य पदार्थको विक्रिवितरण गर्ने र सेवन गर्ने तथा गराउने इजाजत प्राप्त व्यक्तिहरुलाई मात्र विक्रिवितरण र सेवन गर्नु तथा गराउनु पर्नेछ ।

थ. मदिराजन्य पदार्थ विक्रिवितरण र सेवन गर्ने तथा गराउने इजाजत प्राप्त व्यक्तिले अर्को कुनै व्यक्तिलाई मदिराजन्य पदार्थ सेवन गराई सेवन गर्ने व्यक्तिले सार्वजनिक शान्ति सुव्यवस्था, अमनचयनमा वाधा पुऱ्याएमा वा अनुशासनहिन अमर्यादित कार्य गरेमा वा कुनै हिंसाजन्य क्रियाकलापमा संलग्न रहेको पाईएमा वा यस्तै विकृति र विसङ्गतिजन्य कार्यहरु गरेको पाईएमा उक्त मदिराजन्य पदार्थ विक्रिवितरण र सेवन गर्ने तथा गराउने व्यक्तिलाई समेत छानविन गरी दोषि पाईएमा तोकिए बमोजिम दण्डित गरिनेछ ।

**१५. अनुमतिपत्रको अवधि र नवीकरण** : अनुमतिपत्रको अवधि र नवीकरण दस्तुरसम्बन्धी व्यवस्था प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

तर नगरपालिकाको सिफारिस विना नयाँ अनुमतिपत्र र पहिले नै जारी भएका अनुमतिपत्रको नवीकरण गर्न पाईने छैन् । नगरपालिकाको अनुमति वेगर अनुमतिपत्र जारी भएमा एवम् अनुमतिपत्रको नवीकरण गरिएमा त्यस्तो अनुमतिपत्र यस नगरपालिकामा लागू हुने छैन् ।

**१६. नगरपालिकाबाट अनुमति लिनुपर्ने** :- (१) नगरपालिकाले तोकेको स्थलमा मदिरा व्यवसाय गर्न इच्छुक प्रचलित कानुन बमोजिमको निकायबाट मदिरा व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त व्यक्तिहरुले मदिराको विक्रि वितरण गर्दा सामाजिक सद्भाव, शान्ति सुव्यवस्था, अमनचयन खल्वलिन नदिने, घरेलु हिंसा, लैङ्गिक हिंसा लगायतका हिंसाजन्य गतिविधि हुन नदिने एवम् समाजमा झै-झगडा नहुने र शान्ति कायम हुने गरी नगरपालिकाबाट अनुमति प्रदान गर्न आह्वान गरिएको सार्वजनिक सूचना बमोजिम नगरपालिकामा दरखास्त पेश गर्न सक्नेछन् ।

(२) अनुमति वितरणको लागि नगरपालिकाबाट आवश्यकता अनुसार कम्तिमा १५ दिन म्याद भएको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(३) अनुमति प्राप्त गर्न दरखास्त पेश गर्ने मदिरा व्यवसायिले अन्य कुराका अतिरिक्त देहायका शर्तहरु पालना गर्नुपर्नेछ :

(क) सार्वजनिक तथा सरकारी कार्यालय एवम् स्थलको ५०० मिटरभन्दा वाहिर वा नगरपालिकाले तोकेको स्थलमा मदिराको कारोवार गर्न इच्छुक मदिरा व्यवसायिले

सम्बन्धित स्थानमा रहेका सर्वसाधारण जनता, सार्वजनिक एवम् सरकारी कार्यालयहरुको अनुमति लिनुपर्नेछ।

(ख) मदिराको कारोवार गरेको कारण सम्बन्धित स्थलका सर्वसाधारण जनता, महिला र बालबालिकाहरुमा कुनै पनि असर नपर्ने र असर परेमा सोको सम्पूर्ण जिम्मेवारी स्वयम् व्यवसायिले लिई सोको क्षतिपूर्ति समेत व्यहोर्ने ग्यारेन्टी हुनुपर्नेछ।

(ग) अनुमतिको लागि नगरपालिकाले न्यूनतम शुल्क तोक्नेछ । न्यूनतम शूल्कभन्दा बढि शूल्क बुझाउन सक्ने व्यवसायिलाई अनुमतिको लागि प्राथमिकता दिनु पर्नेछ ।

(घ) अनुमति शुल्कका अतिरिक्त स्वास्थ्य शुल्क, व्यवसाय दर्ता तथा नवीकरण शुल्क लगायतका नगरपालिकाबाट तोकिएका सम्पूर्ण शुल्कहरु नियमित रुपमा तिरेको हुनु पर्नेछ ।

(ङ) शर्तहरु पालना नगरेको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले पुनः मदिराजन्य पदार्थको कारोवार गर्न नपाउने गरी जुनसुकै बेला अनुमति रद्द गर्न सक्नेछ ।

(च) मदिरा विक्रि वितरणको कारोवार गर्न अनुमति लिएकाहरुले सो वाहेक सोही ठाउँमा अन्य व्यवसायको कारोवार गर्न पाउने छैनन् । साथै जुन स्थानमा व्यवसाय गर्ने हो सोही स्थानमा व्यवसाय गर्नुपर्नेछ । स्थान परिवर्तन गर्नु परेमा सुरुदेखि नै अनुमतिको लागि आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी सोको पूर्व सहमति नगरपालिकाबाट लिनु पर्नेछ ।

(छ) मदिरा कारोवार गर्न स्वीकृति लिएका होटेलहरुमा खान बास क्षेत्र वाहेक मदिरा सेवन रेष्टुरेण्ट अलगै हुनु पर्नेछ । यस्तो रेष्टुरेण्ट सार्वजनिक तथा सरकारी कार्यालय एवम् स्थलको ५०० मिटरभन्दा वाहिरै हुनु पर्नेछ ।

(ज) मदिरा कारोवार गर्न अनुमति लिएका व्यवसायिहरुले मदिरा वाहेकको अन्य व्यवसाय गर्न पाउने छैनन् ।

(झ) मदिरा खरिद विक्रि गर्नेले मदिरा खरिद विक्रि गरेको विवरण राखु पर्नेछ ।

(ञ) मदिरा विक्रि वितरण गर्ने अनुमति प्राप्त व्यवसायिले पसल बाहिर सडकबाट टाढैबाट देखिने गरी बोर्ड राख्नु पर्नेछ । साथै कानून बमोजिम सरकारी निकायहरुबाट लिएको ईजाजतपत्रहरु सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

(ट) कानूनले बन्देज गरेका घरेलु मदिरा विक्रि वितरण, ओसारपसार आदि गर्न पाइने छैन् ।

(ठ) मदिरा व्यवसायिहरुले आफ्नो पसलबाट निस्कने कुनै पनि प्रकारका फोहर सार्वजनिक स्थलमा फाल्न पाइने छैन् ।

(ड) मानव स्वास्थ्यप्रति चेतना जगाउने सूचना तथा होडिङ्ग वोर्ड वाहेक मदिराको प्रचारप्रसार, माइकिङ्ग, विज्ञापन तथा होर्डिङ वोर्ड राख्न पाइने छैन् ।

(ढ) समुदायको धर्म, संस्कार, चाडपर्वलाई मात्र ध्यान दिएर सम्बन्धित पक्षबाट वडास्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिलाई अनुरोध भई आएमा सामाजिक शान्ति, सुव्यवस्था अमनचयन नखलबलिने, घरेलु हिंसा, सामाजिक झैझगडा नहुने र शान्ति कायम हुने गरी मात्र वडास्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिले नगरस्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिमा सिफारिस गर्न सक्नेछ र नगरस्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिको निर्णयमा समय, सिमा तोकि मदिरा प्रयोग गर्न दिन सकिनेछ ।

(ण) वैवाहिक समारोह, वर्तवन्ध तथा अन्य भोजका कार्यक्रम (सामाजिक साँस्कृतिक रुपमा रहेको समुदाय वाहेक) मदिरा प्रयोग गर्नुपर्ने भए मदिरा खरिद र प्रयोगको अनुमति सम्बन्धित वडास्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिको सिफारिसमा नगरस्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिबाट लिनु पर्नेछ ।

(त) मदिरा व्यवसायिहरुले **'मदिरा स्वास्थ्यका लागि हानिकारक छ'** भन्ने नारा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(थ) मदिराको कारण पीडित व्यक्तिहरुले नगरपालिकामा मौखिक वा लिखित उजुरी दिएमा पीडितहरुलाई प्राथमिकतामा राखि सुनुवाई गरिनेछ।

(४) माथि जुनसुकै कुरा उल्लेख भएतापनि विक्रि केन्द्र तोक्दा सम्बन्धित स्थानमा बसोबास गर्ने व्यक्तिहरुको मञ्जुरीनामा लिनुपर्नेछ।

(५) विक्रि केन्द्रबाट मदिराको प्याकिङ खोलेर विक्रि वितरण गर्न पाइने छैन् ।

**१७. अनुमतिपत्रको सङ्ख्या तोक्न सक्ने :** (१) नगरपालिकाले सार्वजनिक स्थलको ५०० मिटरभन्दा बाहिर पर्ने गरी मदिराजन्य पदार्थको उत्पादन, विक्रिवितरण र सेवन गर्न तथा गराउन पाउने अनुमतिपत्रको सङ्ख्याको सिमा निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिमा निर्धारण गर्दा प्रति वडा बढिमा १ वटा भन्दा बढि नहुने गरी तोक्नु पर्नेछ ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिहरुले उल्लेखित शर्तहरुको पूर्ण पालना गरी मदिराजन्य पदार्थको उत्पादन, विक्रिवितरण र सेवन गर्नु तथा गराउनु पर्नेछ ।

**१८. अनुमतिपत्र रद्द गर्न सक्ने** : देहायको अवस्थामा नगरपालिकाबाट मदिरा बिक्रि वितरण गर्न उपलब्ध गराइएको अनुमति रद्द गरी मदिरा विक्रि वितरण गर्न बन्देज लगाउन सकिनेछ :-

(क) अनुमतिपत्र नवीकरण नगरेमा,

(ख) अनुमतिपत्रमा तोकिएका शर्त उल्लङ्घन गरेमा,

(ग) दफा १२, १४ र १६ विपरीत काम गरेमा ।

**१९. घरेलु मदिरा उत्पादन, विक्रि वितरण तथा सेवनमा पूर्ण प्रतिवन्ध लगाईने** : यस निर्देशिकाका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि घरेलु मदिरा उत्पादन, विक्रि वितरण र सेवनमा पूर्ण प्रतिवन्ध लगाईनेछ ।

तर कुनै व्यक्तिले निजी उपयोगको निमित्त देहायको परिमाणमा रक्सी वा जाँड बनाउन वडास्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिमा अनुमतिको लागि निवेदन दिएमा सोको औचित्यता समेतलाई विश्लेषण गरी वडास्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिले अनुमतिको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ । वडास्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिले गरेको सिफारिसमा आवश्यक छानविन गरी सिफारिस औचित्यपूर्ण देखिएमा नगरस्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिले शर्तहरु तोकि देहाय बमोजिम घरेलु मदिरा उत्पादन गर्न अनुमति दिन सक्नेछ :

(क) कुनै व्यक्तिले निजी उपयोगका लागि एकपटकमा तीन लिटरसम्म रक्सी र पाँच लिटरसम्म जाँड वनाउन,

तर,

(१) यसरी रक्सी र जाँड वर्षको ४ पटक **(दशैं, तिहार, माघि र चैते दशैंमा मात्र)** भन्दा बढी बनाउन पाइने छैन् ।

(२) नगरस्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिको अनुमतिमा यसरी रक्सी र जाँड बनाउने व्यक्तिले प्रत्येक पटक त्यसको सूचना प्रमुख प्रशासकीय अधिकृतलाई दिनु पर्नेछ ।

**२०. नगरपालिकालाई तिर्न पर्ने रकम सरकारी बाँकी सरह असूल गर्ने** : यो निर्देशिका बमोजिम कुनै व्यक्तिले नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट प्रमुख प्रशासकीय अधिकृतले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

गौरादह नगरपालिका

२१. **दण्ड सजाय** : (१) यस निर्देशिका विपरीत काम गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कैद र  एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(२) यस निर्देशिका विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) नगरपालिकाभित्र जुनसुकै स्थानमा मदिरा सेवन गरी होहल्ला गरेमा, परिवारका सदस्यहरुलाई दुःख दिएमा, तोकिएको अवधिभित्र वाहेक अन्य अवधिमा मदिरा सेवन गरेमा, मदिरा सेवन गरी सार्वजनिक स्थलमा प्रवेश गरेमा वा सार्वजनिक सुव्यवस्था र अमनचयनमा खलल पुग्ने कार्य गरेमा वा हिंसाजन्य र सामाजिक विकृति तथा विसङ्गतिजन्य क्रियाकलापमा संलग्न रहेको पाईएमा देहाय बमोजिम सजाय हुनेछ :-

(क) कुनै व्यक्तिले नगरपालिक्षेत्रभित्र यस निर्देशिका विपरित मदिराजन्य पदार्थको गैरकानूनी ढङ्गले आयात, विक्रि वितरण, ओसापसार वा गैरकानूनी उत्पादन गरेमा पहिलो पटक भए रु. ५,०००।०० (पाँच हजार रुपैयाँ), दोस्रो पटक भए रु. १०,०००।०० (दश हजार रुपैयाँ) र तेस्रो पटक भए रु. १५,०००।०० (पन्ध्र रुपैयाँ) जरिवाना र कानून बमोजिमको अन्य सजाय ।

(ख) कुनै व्यक्तिले मदिराजन्य पदार्थको सेवन गरी यस निर्देशिका विपरित कार्य गरेमा वा होहल्ला गरेमा वा लैङ्गिक हिंसा वा झै-झगडा गरी वा गाली बेइज्जति गरी सार्वजनिक शान्ति, सुरक्षा, अमनचयनमा खलल पुऱ्याएमा वा पुऱ्याउन खोजेमा पहिलो पटक भए रु ३,०००।०० (तीन हजार रुपैयाँ), दोस्रो पटक भए रु ४,०००।०० (चार हजार रुपैयाँ) र तेस्रो पटक भए रु ५,०००।०० (पाँच हजार रुपैयाँ) जरिवाना र कानून बमोजिमको अन्य सजाय ।

(ग) कुनै सार्वजनिक पदधारण गरेको व्यक्तिले मदिराजन्य पदार्थको सेवन गरी यस निर्देशिका विपरित कार्य गरेमा वा होहल्ला गरेमा वा सार्वजनिक स्थलमा देखा परेमा वा आचरण विपरितका कार्यहरु गरेमा पहिलो पटक भए रु ६,०००।००(छ हजार रुपैयाँ), दोस्रो पटक भए रु ८,०००।०० (आठ हजार रुपैयाँ) र तेस्रो पटक भए रु १०,०००।०० (दश हजार रुपैयाँ) जरिवाना र कानून बमोजिमको अन्य सजाय ।

(घ) कुनै व्यक्तिले मदिरा सेवन गरी सार्वजनिक स्थल वा कार्यालयमा प्रवेश गरेमा पहिलो पटक भए रु ४,०००।०० (चार हजार रुपैयाँ), दोस्रो पटक भए रु ६,०००।०० (छ हजार रुपैयाँ) र तेस्रो पटक भए रु ८,०००।०० (आठ हजार रुपैयाँ) जरिवाना र कानून बमोजिमको अन्य सजाय ।

(ङ) कुनै व्यक्तिले मदिरा सेवन गरी सवारी चलाएमा पहिलो पटक भए रु ५,०००।०० (पाँच हजार रुपैयाँ), दोस्रो पटक भए रु १०,०००।०० ( दश

हजार रुपैयाँ) र तेस्रो पटक भए रु १५,०००।०० (पन्ध्र हजार रुपैयाँ) र कानून बमोजिमको अन्य सजाय ।

(च) यस निर्देशिका विपरित कार्य गर्ने वा मदिराजन्य पदार्थको गैरकानूनी ढङ्गले आयात, ओसारपसार, विक्रि वितरण, सेवन र उत्पादन गर्ने कार्यमा उद्योग, सहयोग वा दुरुत्साहन गर्ने व्यक्तिलाई त्यस्तो कार्य गर्ने व्यक्तिलाई हुने सजायको आधा र कानून बमोजिमको अन्य सजाय ।

(छ) मदिराजन्य पदार्थको गैरकानूनी ढङ्गले आयात, विक्रि वितरण, ओसारपसार, उत्पादन एवम् सेवनजस्ता कार्यहरु गर्ने वा त्यस्तो कार्यहरु गर्न उद्योग, सहयोग वा दुरुत्साहन गर्ने व्यक्तिहरुलाई नियन्त्रणमा लिई माथि उल्लेखित दण्ड जरिवाना गर्न सहयोग, समन्वय र सहजिकरण गर्ने सुरक्षा निकाय (नेपाल प्रहरी वा नगर प्रहरी) लाई प्रोत्साहन स्वरुप कूल जरिवानाबाट उठेको रकमको **२५ प्रतिशतले** हुन आउने रकम एकमुष्ट उपलब्ध गराउने र बाँकी रकम **विपन्न उपचार सहयोग कोष** एवम् नगरपालिकाको राजश्व खातामा दाखिला हुने व्यवस्था मिलाउने ।

(ज) कुनै व्यक्ति माथि उल्लेखित जरिवाना वापतको रकम तिर्न सक्ने हैसियतमा नभएमा नगरपालिका वा नगरपालिकाले तोकेको निकायले जरिवाना वापतकको रकम बराबर श्रम गराउनेछ ।

(झ) पटकपटक मदिरा सेवन गर्ने व्यक्तिलाई नेपाल प्रहरी वा नगर प्रहरीले निजको व्यवहार परिवर्तनको लागि तारेकमा बोलाउन सक्नेछ ।

(ञ) सार्वजनिक पदधारण गरेको व्यक्तिले बारम्बार मदिराजन्य पदार्थको सेवन गरी अनुशासनहिन, अमर्यादित र पदीय आचरण विपरितको कार्य गरेमा भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी प्रमुख प्रशासकीय अधिकृतले पदबाट वर्खास्त गर्न सक्नेछ ।

२२. **मदिरा तथा अन्य सामानको जफत र बिक्री** : (१) कुनै व्यक्तिले यस निर्देशिका र प्रचलित कानून विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले जफत गर्नेछ।

(२) उपखण्ड (१) बमोजिम जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा तोकिए बमोजिम प्रमुख प्रशासकीय अधिकृतले लिलाम बिक्री गर्नु पर्नेछ।

(३) यस निर्देशिका र प्रचलित कानून विपरीत मदिराको कारोबार गर्न प्रयोग गरिएका सबै सामानहरु प्रमुख प्रशासकीय अधिकृतले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ।

तर सवारी साधनको हकमा सवारी धनीको मञ्जुरी रहेनछ भने त्यस्तो सवारी साधन जफत हुने छैन्।



गौशाला नगरपालिका

(४) माथि जुनसुकै कुरा उल्लेख भए तापनि प्रमुख प्रशासकीय अधिकृतले जफत गरेको जुनसुकै प्रकारको मदिरा तथा मदिराजन्य पदार्थ नष्ट गर्न उपयुक्त देखेमा जुनसुकै बेला नष्ट गर्न सक्नेछ ।

२३. **सहयोग गर्नु पर्ने** : यस निर्देशिका र प्रचलित कानून अन्तर्गत सजाय हुने कसूरको तहकिकातको सिलसिलामा प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

२४. **मुद्दा हेर्ने अधिकारी :** (१) यस निर्देशिका अन्तर्गतको मुद्दाको सुरु कारबाई र किनारा गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई  हुनेछ ।

(२) उपदफा (१) बमोजिम सुरु कारबाई र किनारा गर्ने अधिकारीलाई प्रचलित नेपाल कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार प्राप्त हुनेछ ।

२५. **पुनरावेदन :** यस निर्देशिका बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय उपर प्रचलित नेपाल कानूनमा उल्लेख भए बमोजिमको निकायमा प्रचलित कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

२६. **पुरस्कार :** (१) कसैले यस निर्देशिका विपरीत मदिरा उत्पादन, सञ्चय, बिक्री वितरण, ओसार पसार, निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरुप दिइनेछ :-

(क) सुराक दिने व्यक्तिलाई बिगोको दश प्रतिशत,

(ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई बिगोको बीस प्रतिशत,

(ग) मदिरा र मानिस दुवै पक्री पेश गर्ने व्यक्तिलाई बिगोको तीस प्रतिशत ।

(२) उपखण्ड (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसँग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई बिगो मानिनेछ ।

(३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा नगरपालिकाले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहऱ्याएको रकम पुरस्कार स्वरुप दिन सक्नेछ ।

(४) यस खण्ड बमोजिम पुरस्कार पाउने व्यक्ति एक जनाभन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ ।

२७. **सहयोग गर्नुपर्ने :** यस निर्देशिका एवम् प्रचलित कानून कार्यान्वयनको लागि नगरपालिकाले मागेको सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासन र सरोकारवाला अन्य निकायको कर्तव्य हुनेछ ।

२८. **विमा गरिने :** लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको नियन्त्रण लगायतको सामाजिक विकृति र विसङ्गतिजन्य क्रियाकलापको कारक तत्वहरुको विरुद्धमा खटिने नगर प्रहरी लगायतका कर्मचारीहरुको पाँच लाख रुपैयाँ बराबरको जीवन विमा गरिनेछ ।

२९. **संशोधन वा हेरफेर गर्न सक्ने :** यस निर्देशिकामा नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**आज्ञाले,**
नाम : राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत